# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७ ] काठमाडौं आषाढ ४ गते २०१४ साल [ संख्या १०

## कानून तथा संसदीय प्रबन्धमन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलिविराजमान मान्नोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्ग बहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् -सदा समरविजयिनाम् ।

२०१४ सालको ऐन न. २

## वन जङ्गलको संरक्षणका लागि विशेष व्यवस्था गर्ने ऐन

वनजङ्गलको संरक्षणका निमित्त विशेष अस्थायी व्यवस्था गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम, विस्तार प्रारम्भ र अवधिः— (१) यस ऐनको नाम "बन जङ्गल संरक्षण (विशेष व्यवस्था) ऐन, २०१४" रहेको छ।

(२) यो ऐन तराई तथा भित्री मध्येश इलाकामा तुरुन्त र अरू इलाकामा सरकारले नेपाल गजेटमा सूचना प्रकाश गरी तोकेका मितिदेखि प्रारम्भ हुनेछ।

(३) यो ऐन संवत् २०१६ साल चैत्र मसान्तसम्म लागू रहनेछ।

(४) यस ऐनको अवधि समाप्त भएपछि यो ऐनलाई कुनै अर्कै नेपाल ऐनले खारेज गरेको सरह मानिई यस ऐन अन्तगत भए गरेका वा हुन बाँकी काममा नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ।

२. परिभाषाः—विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "बन जङ्गलको पैदावार" भन्नाले बनजङ्गलको सब जात र किसिमका काठ, रूख, काठको बोक्रा, खोटो, बाँस, बनकस (बाबियो) र चोपाया सम्झनुपर्छ।

(ख) "हटाउनु" भन्नाले बनजङ्गलको सीमाना बाहिर ल्याउनु सरहदबाट देश निकासी गर्नु समेत जनाउँछ।

(ग) "बन जंगलभित्रको जग्गा" भन्नाले बन जंगलको सीमानाभित्रको पर्ती जग्गा समेत जनाउँछ।

(घ) "बोझवाहक" भन्नाले गाडा र गाडा तान्ने गोरु राँगा ट्रक वा लहरै, नाउ वा डुङ्गा आदि यस्तै अरू साधनहरू सम्झनुपर्छ।

३. बन जंगलको पैदावार नोकसानी गर्न र हटाउन मनाहीः-(१) कुनै व्यक्तिले सरकारको सामान्य आदेश वाङ एफ्. ओ. को वा सरकारले आदेशद्वारा त्यस कामका निमित्त अधिकार दिएका कर्मचारीको लिखित इजाजत बेगर देहायको काम गर्न र सो गर्ने उद्योगसमेत गर्नु हुँदैन।

(क) बन जंगलको रूख बिरुवा काट्नु, ढाल्नु, रूखको बोक्रा भिक्नु वा हाँगा काट्नु, रूख सुक्ने गराउनु वा बन जंगलमा आगो लगाउनु।

(ख) बन जंगलको पैदावार बन जंगलबाट हटाउनु।

(ग) बन जंगलभित्रको जग्गामा रहेको बन जंगलको पैदावार मासी वा नमासी कुनै तवरबाट सो जग्गा आवाद गर्नु।

११४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा लेखिएको कुनै कसूर गर्ने व्यक्तिलाई अन्य नेपाल कानूनले हुने सजायमा थप १ वर्षसम्म कैद हुनेछ।

(३) उपदफा (१) मा लेखिएको कुनै कसूर गर्न अह्राउने व्यक्तिलाई अन्य नेपाल कानूनले हुने सजायमा थप २ वर्ष कैद हुनेछ।

४. प्रमाणको भार:- बन जंगलको पैदावार कुनै व्यक्तिको साथमा भएको फेला परेमा वा बरामद भएमा सो पदावार इजाजत ली ल्याएको हो भन्ने प्रमाण निजले पेश गन नसके सो पैदावार निजले अनधिकृत तवरबाट ल्याएको संम्झिइनेछ।

५. कसूरदार उम्कने काम गरेमा:- कुनै व्यक्तिले दफा ३ मा लेखिएबमोजिम सजाय हुने कसूर गरेवापत पक्राउ भएको वा पक्राउ गर्न खोजेकोमा हूल-हुज्जत गरी वा पक्रनेलाई धोखा दिई कुनै कसूरदारलाई वा कसूरदारले ल्याएको कुनै वन जंगलको पैदावार वा सो पैदावार हाली ल्याएको बोझवाहक उम्काइदिएछ वा उम्कन सक्ने व्यवस्था पारिदिएछ वा प्रबन्ध मिलाइ-दिएछ भने त्यस्तो व्यक्तिलाई अन्य नेपाल कानूनले हुने सजायमाथि थप १ वर्षसम्म कैद हुनेछ।

६. सामूहिक उत्तरदायित्व:- (१) दफा ३ अन्तगतको कसूर हुन नदिनु स्थानीय जिमिदार, पटवारी, जिम्मावाल, तालुकदार, मुखिया, चौकीदार र सरकारी कर्मचारीहरू समेतको कर्तव्य हुनेछ।

(२) उपदफा (१) अन्तगतको कर्तव्य पालन गर्दा बन जंगलको पैदावार नोक्सान गर्न हटाउन कसूरदारद्वारा प्रयोग भएका सबै बोझवाहक औजार समेत पक्री माल र मानिस नजिकको रेन्ज वा डि·एफ·ओ· वा सर्कल अफिसमा वा सरकारले आदेशद्वारा तोकेको अड्डामा बुझाउन मद्दत मागेमा सो व्यक्तिलाई मद्दत दिनु सबैको कर्तव्य हुनेछ।

(३) उपदफा (२) अन्तर्गत बुझाउन ल्याएको माल र मानिस नजिकको रेन्जर वा डि.एफ. ओ. वा सर्कल अफिसले वा सरकारले आदेशद्वारा तोकेको अड्डाले तुरुन्त बुझिलिई कानूनबमोजिम गर्नुपर्छ।

(४) उपदफा (१), (२) वा (३) बमोजिमको कर्तव्य जानी जानी पालन नगर्ने व्यक्तिलाई रु. ५० देखि रु. १०० सम्म जरिवाना हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर वन कर्मचारी वा पुलीस कर्मचारीका हकमा ६ महिनासम्म कैद हुनेछ।

७. फेला परेको वा बरामद भएको मालसामान लिलाम बिक्री गर्नः- यस ऐन अन्तर्गतको कुनै कसूरको अभियोगमा फेला परेको वा बरामद भएको बोझवाहक औजार र वन जङ्गलको पैदावार रीतपूर्वक ल्याएको प्रमाण पेश गर्न नसके सो सरकार लाग्नेछ र बोझवाहक र औजार लिलाम बिक्री गरी नगदी तुल्याई सरकारी श्रेस्तामा आमदानी बाँधिनेछ।

८. दाखिल नगरेमा वा छाडी दिएमाः- यस ऐनबमोजिम दाखिल गर्नु पर्ने माल दाखिल नगर्ने र पक्राउ भइसकेको माल मानिस छाड्नेलाई समेत प्रचलित कानूनले हुने सजायमाथि थप १ वर्षसम्म कैद हुनेछ र त्यसरी छाडेबाट सरकारलाई नोक्सान परेको बिगो समेत त्यस्ता व्यक्तिबाट असूल उपर गरिनेछ।

तर त्यस्तो काम सरकारी कर्मचारीले गरेको रहेछ भने बिगो असूल गरी प्रचलित कानूनले हुने सजायमाथि थप तीन वर्षसम्म कैद गरिनेछ।

९. दाउरा वा हरघर संगाको निमित्त काठ ल्याउन इजाजत दिनेः अघउप्रान्त दाउरा (जर्ना) वा हरघर सगाको निमित वन जङ्गलबाट काठ ल्याउन इजाजत दिने अख्तियार सरकारले आदेशद्वारा तोकेको अफिसरलाई मात्र हुनेछ।

१० विशेष अधिकारः- वन जङ्गलको पैदावार इजाजतबेगर हटाउन लागेको फेला परी पक्रेकोमा छुटाई लैजान वा पक्रन नदिन कसूरदार वा निजका मद्दतगार कसैले हुलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिन आएमा वा हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुँडादेखि मुनी लाग्ने गरी सो पक्रन जाने मुख्य कर्मचारीले गोली चलाउन सक्नेछ, सोबमोजिम गोली चलाउँदा मानिस मर्न गएमा बात लाग्नेछैन।

११. खर्च असूल गर्नेः- कुनै गाउँ मौजाभित्र बस्ने कसैले वा कुनै गाउँ मौजाको बाटो गरी अन्य कसैले बराबर वन जङ्गलको पैदावार लिई जान्छ वा सरहदबाट विदेश निकाशी गर्छ र त्यस्तालाई त्यस गाउँ मौजाका बासिन्दा कसैले पक्रँदैन वा जाहेर गरी पक्राउँदैन भने वन जङ्गलको रक्षाको लागि सरकारले कुनै व्यवस्था गर्नु पर्दा खर्च लाग्ने भएमा सो लाग्ने खर्च समेत त्यस्ता गाउँ मौजाका बासिन्दाबाट सरकारले असूल गर्न सक्नेछ।

११६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२· मुद्दा हेर्ने व्यवस्थाः— (१) यस ऐन अन्तर्गत रु. ५००० सम्मका बिगोको मुद्दा पर्न आएमा सम्बन्धित डि· एफ. ओ· ले हेरी किनारा लगाउनेछ। त्यसउपर स्थानीय बडाहाकिम या मेजिष्ट्रेट र सरकारबाट मुकर्रर भएका अन्य दुइ व्यक्तिहरू भएको ट्राइब्यूनलमा अपील लाग्न सक्नेछ। त्यस्तो ट्राइब्यूनलको निर्णय अन्तिम हुनेछ।

(२) डि. एफ्. ओ· र अपील सुन्ने ट्राइब्यूनललाई मुद्दा हेर्ने छिन्ने कार्यप्रणाली र अधिकार बिशेष अदालत ऐन, २०१३ बमोजिम खडा हुने विशेषअदालतलाई भएसरह हुनेछ।

(३) यस ऐन अन्तगतको रु ५००० भन्दा बढीको बिगोको मुद्दा हेरी छिन्न विशेष अदालत ऐन, २०१३ अन्तर्गत विशेष अदालत गठन गरिनेछ।

१३. नियम बनाउने अधिकारः— यस ऐनको उद्देश्य कार्यान्वित गर्न सरकारले नियम बनाउन सक्नेछ।

१४. नियमको बर्खिलाफ काम गरेमा सजायः— यस ऐन-अन्तर्गत बनेको नियम वर्खिलाफ कामगर्नलाई रु ५०० सम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै हुन सक्नेछ।

१५. अन्य कानूनसँग बाझिएमा गर्ने कामः— यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएकोमा सोहीबमोजिम र अरूमा भइरहेको नेपाल कानूनबमोजिम हुनेछ।

सदर मिति २०१४ साल ज्येष्ठ २३ गते रोज ४ शुभम्—

आज्ञाले—
नयनबहादुर खत्री खत्री,
सेक्रेटरी— कानून तथा संसदीय प्रबन्धमन्त्रालय.


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।